उमाकुण्ड गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
प्रिति, रामेछाप
बागमती प्रदेश, नेपाल
फोन नं ०४६-६०११९२०

पत्र संख्या:-०७८/०७९
चलानी नं:-

मिति:- २०७८।११।०३

## कार्यक्रमको प्रस्ताव माग सम्बधमा सूचना !

**(प्रथम पटक प्रकाशित मिति:२०७८।११।०३)**

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तरगत ,राष्ट्रिय र स्थानिय महत्वका खाद्य तथा पोषण सुरक्षामा टेवा पुऱ्याउने बाली वस्तुको साना व्यवसायिक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रम अन्तरगत आ.व. २०७८/०७९ मा उमाकुण्ड गाउँपालिकालाई प्राप्त सर्सत कार्यक्रम बमोजिम खाद्य तर्फ मकै र पोषण तर्फ सुन्तलाजात फलफूलको(पकेट) बालिमा कृषक समूह/कृषि सहकारी/कृषि गैरसरकारी/कृषि फार्म सँगको लागत साझेदारिमा कार्यक्रम संचालन गरिने भएको हुँदा कृषक समूह/ कृषि सहकारी/कृषि गैरसरकारी/कृषि फार्मले यो सूचना प्रकासित भएको मितिले २०७८/११/०३ देखि .२०७८/११/१७ भित्र उमाकुण्ड गाउँपालिका कृषि विकास शाखामा तपशिलमा उल्लेखित कागजात तथा विवरण संकलन गरि निवेदन दर्ता गराउनुहुन यो सूचना प्रकाशित गरिको छ।

**तपशिल**

१) रु १० को टिकट टाँस गरी तोकिएको ढाँचा अनुसुचि १० सहित अनुसुचि ७ भरि प्रस्ताव सहितको निवेदन माग फारम ।
२) कृषक समूह/कृषि फार्म/कृषि सहकारीको दर्ता प्रमानपत्र, नविकरण, कर चुक्ता, प्यान दर्ता प्रमाणपत्र, संस्थाको योजना माग सम्बन्धमा गरिएको निर्णयको प्रतिलिपि ।
३) सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र ।
४) कार्यक्रम संचालन हुने स्थान वा जग्गा को स्वामित्व खुल्ने कागजात वा भाडाको जग्गा भएमा कम्तीमा ५ वर्षको सम्झौतानामा ।
५) सम्बन्धित संस्थाले जिम्मेवारि तोकेको प्रतिनिधि/सदस्यको नागरिकता प्रमाणपत्रको प्रतिलिपि ।
६) प्रस्ताव कार्यक्रम स्थलको फोटो र प्रस्ताव मूल्याङकनमा सहयोग हुने अन्य सहयोगि कागजात ।
७) संचालन गरिने कार्यक्रमको प्रस्तावना र खर्चको ईस्टिमेट /डिजाईन सहित ।
८) मकै वालिको हकमा १० हेक्टर तथा सुन्तलाजातको हकमा ५ हेक्टर सो वालि खेति गरिने जग्गाको लालपुर्जाको फोटोकपी जग्गावाला कृषको नागरिकताको प्रतिलिपि ।
९) यो सूचना प्रकाशित भएको मितिले .२०७८/११/१७ गते सम्ममा कार्यालय समय भित्र निवेदन दर्ता गराईसकेको हुनुपर्ने छ ।
१०) पकेट कार्यक्रमको कुल लागत रु. ४८०००००। मध्ये कृषकले प्रति पकेटको रु. १२००००० लागत साझेदारी र कार्यालयले रु. १२०००००। गरि प्रति पकेट रु. २४०००००। रहने छ ।
११) अन्य कुरा प्रचलित कानुन बमोजिम हुने व्यहोरा अनुरोध छ ।
१२) कार्य समितिको निर्णयको प्रतिलिपि ।
१३) आ.व.२०७७/०७८ मा छनौट भई एक आर्थिक वर्षमात्र संचालन भएका पकेटको हकमा परियोजना म्यानुल २०७७ अनुसार आ.व.२०७८/०७९ मा कार्यक्रम संचालन गर्नको लागि प्राथामिकता दिईने छ ।

**बोधार्थ,**

**श्री सूचना प्रविधि शाखा ,उमाकुण्ड गा.पा. (यस गा.पा. सबै वडा कार्यालयमा सूचना मेल गरिदिनु हुन ।)**

..........................
रमेश कुमार खत्री
नि.प्रमुख प्रशासकीय अधिकृत

रमेश कुमार खत्री
नि.प्रमुख प्रशासकीय अधिकृत